हामी गलत नीतिको विरोध गर्दछौं ।

# मोर्चा साप्ताहिक

Morcha Weekly

वर्ष ४७ अंक १७ वि.स. २०८२ पुस ३० गते बुधबार, 2026, 14 Jan Wednesday, पृष्ठ ६, मूल्य १०

## बाराका विश्रामपुर गाउपलिकाको १८ औं गाउ सभा सम्पन्न



*बीरगञ्ज पुस ।*

विश्रामपुर गाउपालिकामा १८ औं गाउं सभा गाउपालिकाका अध्यक्ष जुल्फकार अलि भुटोको अध्यक्षतामा सम्पन्न भएको छ। सभा कार्यक्रममा उपाध्यक्ष श्रीमती प्रियका देवी, गाउपालिकाका प्रमुख प्रशासनिक अधिकृत सुनील प्रसाद केशरी, सबै वडाका वडा अध्यक्षहरू, सभा सदस्य तथा जनप्रतिनिधि, कर्मचारी, पत्रकार, गाउँ प्रहरीहरू र गाउँपालिकाका भदभलादमीको उपस्थिति रहेको थियो । सभामा वर्षभरिका गतिविधि, विकास योजनाहरू र बजेटको समीक्षा तथा आगामी वर्पका कार्यक्रमका बारेमा छलफल भएको थियो। अध्यक्ष भुटोले गाउँपालिकामा विभिन्न सामाजिक, शैक्षिक, स्वास्थ्य, कृपि र पूर्वाधार सम्बन्धी कामहरू व्यवस्थित रूपमा अगाडि बढाइदै आएको जानकारी दिनु भयो। उहाँले गाउँपालिकाका विकास कार्यक्रमलाई अझ प्रभावकारी बनाउने तथा जनप्रतिनिधि, कर्मचारी र समुदायबीच सहकार्य बढाउनमा जोड दिनुभयो।

बाकी पाँच पृष्टमा

## प्रसौनी गाउँपालिकाको १८ औँ हिउदे गाउसभा अधिवेशन सम्पन्न

*बीरगञ्ज पुस ।*

बाराको प्रसौनी गाउँपालिकाको १८ औं गाउँसभा अधिवेशन तथा आर्थिक वर्ष २०८२/०८३ को संशोधित हिउँदे गाउँसभा सम्पन्न भएको छ। गाउँपालिका सभाहलमा सोमबार आयोजित उक्त संशोधित हिउँदे गाउँसभा सम्पन्न भएको हो ।

गाउँपालिका अध्यक्ष विनोद प्रसाद जयसवालले चालु आर्थिक वर्षमा विभिन्न शीर्षक अन्तर्गत भएको खर्च तथा हाल सम्मको प्रगति विवरण गाउसभामा सार्वजनिक गरेका छन् । उनले नेपाल सरकारले स्थानीय तहलाई क्रमशः धारासायी बनाउँदै लगेको



आरोप लगाए। बजेट व्यवस्थापनमा देखिएको समस्यातर्फ उनले ध्यानाकर्षण गराए । प्रत्येक वर्ष असार महिनामै बजेट सिलिङ पठाउने गरेकोले सोही परिधिभित्र रहेर स्थानीय तहले बजेट विनियोजन गर्ने गरेको उनले जनाए। चालु आर्थिक वर्षको अन्तिमतिर आइपुग्दा केन्द्र सरकारबाट बजेट कटौती हुने

बाकी पाँच पृष्टमा

## चन्द्रपुर नगरपालिकाको हिउदे अधिवेशन सम्पन्न



*बीरगञ्ज पुस ।*

रौतहटको चन्द्रपुर नगरपालिकाले आफ्नो नगरसभाको १८ औं हिउँदे अधिवेशन सम्पन्न गरेको छ । शुक्रवार चन्द्रपुरस्थित गोल्डेन ब्याङ्क्वेटमा भएको अधिवेसनले नगरपालिकाको आगामी नीति, कार्यक्रम तथा विकास योजनाबारे छलफल र निर्णय गर्ने उद्देश्यले सभाको आयोजना गरिएको नगर प्रमुख सन्जयले बताए ।

प्रमुख अतिथि निवर्तमान प्रतिनिधिसभा सदस्य देव प्रसाद तिमल्सिनाले स्थानीय तहले जनताको प्रत्यक्ष जीवनस्तर सुधारमा केन्द्रित भई काम गर्नुपर्नेमा जोड दिदै विकास निर्माण, सुशासन र पारदर्शितालाई प्राथमिकतामा राख्दै नगरपालिका अगाडि बढेमा मात्र समृद्ध नगर निर्माण सम्भव हुने बताए ।

कार्यक्रमका सभाध्यक्ष तथा नगरप्रमुख काफ्लेले अधिवेशनको उद्देश्य र कार्यसूचीबारे जानकारी गराउदै नगरपालिकाले हालसम्म गरेका उपलब्धि र आगामी योजनाहरू प्रस्तुत गरे । नगरपालिकालाई व्यवस्थित,

बाकी पाँच पृष्टमा


### भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।

- मौलिक संस्कृतिको रक्षा गरौं।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- मातृभाषाको सम्मान गरौं।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



### नेपाल सरकार
### कृषि तथा पशुपन्छी विकास मन्त्रालय
### राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
### कार्यक्रम कार्यान्वयन एकाइ, बारा
### (कार्यक्षेत्र:बारा र पर्सा)

**चैते धानको बीउको दररेट पेश गर्ने सम्बन्धी सूचना**

मिति :२०८२।०९।३०

प्रस्तुत विषयमा यस कार्यक्रम कार्यान्वयन एकाइ, बाराको चालु आ.व. २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार चैते धानको क्षेत्रफल विस्तार कार्यक्रम संचालन गर्न तपसिल बमोजिमको चैते धानको बीउ आवश्यक भएको हुदाँ धानको बीउ उपलब्ध गराउन इच्छुक **फर्म/सहकारी/कम्पनी तथा संस्थाहरुले** यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन अर्थात मिति (२०८२।१०।१४) गते कार्यालय समयभित्र बारा स्थित यस एकाइको कार्यालयमा आइपुग्ने गरी दररेट खाम बन्दी गरी पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । चैते धानको बीउ उपलब्ध गराउन इच्छुक **फर्म/सहकारी/कम्पनी तथा संस्थाहरुले** दररेट पेश गर्नुपूर्व यस कार्यालयमा सुचिकृत हुनुपर्ने छ ।

**आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१ व्यवसाय दर्ता प्रमाणपत्र नविकरण सहितको प्रमाणित प्रतिलिपि
२ संस्थाको PAN/VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
३ करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
४ बीउ बीजन बिक्रेता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
५ बीउ परीक्षण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
६ कालो सूचीमा नपरेको स्व-घोषणा

**उपलब्ध गराउन सक्ने धानको स्तर, जात, परिमाण र गुणस्तर सम्बन्धी विवरण :**

| क्र.सं. | विवरण | बीउको स्तर | दररेट रु प्रति के.जी | उपलब्ध गराउन सक्ने परिमाण के.जी. | कैफियत |
|---|---|---|---|---|---|
| १ | हर्दिनाथ हाइब्रीड–१ | | | | |
| २ | हर्दिनाथ–१ | | | | |
| ३ | चैते–५ | | | | |

विस्तृत जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ, कलैया, बारामा सम्पर्क राख्नु हुन अनुरोध छ । सम्पर्क नं :– मो ९८५५०४८८९७, ९८५५०४५९३६, ९७६२७१२३४२

..............................

कार्यालय प्रमुख